# विद्यालय पुर्वाधार विस्तार सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावना: विद्यालयको भवन तथा अन्य संरचनाको निर्माण, मर्मत सम्भार एवम् सुधारको लागि पूँजीगत प्रकृतिका कार्य गर्न, विद्यालय पुर्वाधार विस्तार सुधार कार्यक्रमलाइ प्रभावकारी रुपले कार्यान्वयन गर्न र विद्यालय छनौटका आधार तथा कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:" यस कार्यविधिको नाम (१) विद्यालय पुर्वाधार विस्तार सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ "रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यालय" भन्नाले सामाजिक विकास कार्यालय सम्झनु पर्छ सो शव्दले निर्देशनालय समेतलाइ जनाउदछ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "विद्यालय" भन्नाले कर्णाली प्रदेश अन्तरगतका सामुदायिक विद्यालय सम्झनु पर्छ र सो शब्दले धार्मिक विद्यालयलाइ समेत बुझाउँछ।

३. कार्यक्रमको उद्देश्य: विद्यालयको भवन तथा अन्य संरचनाको निर्माण, मर्मत सम्भार एवम् सुधारको लागि पूँजीगत प्रकृतिका कार्य गर्ने लगायतका यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) प्रदेश सरकारको लगानीबाट निर्माण भएका अधुरा भौतिक संरचना सम्पन्न गर्ने कार्य,

(ख) निर्माणाधीन भवनमा सुविधा विस्तार तथा सुधार कार्य,

(ग) खानेपानी, शौचालय विस्तार तथा सुधार कार्य,

(घ) खेलमैदान, घेरावार, कम्पाउण्ड वाल विस्तार तथा सुधार कार्य।

४. कार्यान्वयन प्रक्रिया:) १ (कार्यालयले सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरुको समन्वयमा दफा ३ को उपदफा (२) अन्तरगत रहि आयोजना सञ्चालन हुने विद्यालय तथा लागत रकम निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२)चालु आर्थिक वर्षमा भौतिक निर्माण तथा सुधार सम्बन्धी कार्यक्रममा कुनै क्षेत्रबाट बजेट विनियोजन नभएको विद्यालयलाई कार्यक्रमका लागि कार्यालयले छनौट गर्नु पर्नेछ।

)३ (उपदफा (२) बमोजिम कार्यालयबाट प्राप्त भएको आयोजना मन्त्रालयले स्वीकृत गरी बजेट प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) छनौट भएका आयोजना सरकारी बजेट प्रणालीमा प्रविष्ट भएपश्चात सम्बन्धित कार्यालयले प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम सिफारिस भएका आयोजनाको सीमा अधिकतम पचास लाख रुपैयाँ सम्म हुनेछ।

प्रदेश सचिव

(६) उपदफा (५) बमोजिम दुई वटा योजना कार्यक्रम सञ्चालनका लागि समावेश गर्नु पर्नेछ।

५. <u>विवरण पठाउनु पर्ने:</u> सम्बन्धित कार्यालयले कार्यक्रम सम्पन्न भएप्रश्चात एकमुष्ट रुपमा प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

६. <u>लेखापरीक्षण गर्नुपर्ने:</u> यस कार्यविधि बमोजिम सञ्चालित आयोजना सम्पन्न भएपश्चात प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्नु पर्नेछ।

७. <u>अनुगमन गर्नु पर्ने:</u> मन्त्रालय निर्देशनालय र कार्यालयबाट कार्यक्रमको अनुगमन निरीक्षण गर्नुपर्नेछ।

८. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भए देखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुनेछ।

९. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्थाले उद्देश्य अनुसारका कार्य गर्न बाधा उत्पन्न भएँमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सचिव